# दुधौली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
दुधौली, सिन्धुली
३ नं. प्रदेश, नेपाल

**हाटबजार तथा मेला व्यवस्थापन ठेक्का सम्बन्धी सूचना ।**

(सूचना प्रकाशन मितिः-२०७५।०३।२७)

दुधौली नगरपालिकाको आ.व.०७५/०७६ को लागि देहाय बमोजिमका स्थानमा लाग्ने हाटबजार तथा मेला व्यवस्थापनको बहाल विरौटी वापतको कर, शुल्क र दस्तुर दुधौली नगरपालिकाले तोकेको दररेटमा उठाउने कार्य ठेक्कामार्फत बन्दोवस्त गर्नुपर्ने भएकोले उक्त कार्यको ठेक्का लिन इच्छुक व्यक्ति, फर्म वा संस्थालाई तपशील बमोजिमका शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ औ दिन कार्यालय समय भित्र दरभाउपत्र खरीद गरी आठौं दिनको १२.०० बजे भित्र नगरकार्यपालिकाको कार्यालयमा सिलबन्दी दरभाउपत्र पेश गर्न अनुरोध गरिन्छ ।

**तपशीलः-**

| ठेक्का नं | हाट वजार लाग्ने स्थान | न्युनतम ठेक अंक | कैफियत |
|---|---|---|---|
| ०१/०७५-०७६ | हाटबजार (हनुमान बजार) दु.न.पा.-९ दुधौलीबजार | १,१०,०००।- | |
| ०२/०७५-०७६ | शनिवारे बजार, दु.न.पा.-११, टाँडी | ३०,०००।- | |
| ०३/०७५-०७६ | गागनबजार, दु.न.पा.-२, रतनपुर | २५,०००।- | |
| ०४/०७५-०७६ | सिर्थौलीबजार, दु.न.पा.-५, सिर्थौली | १५,०००।- | |
| ०५/०७५-०७६ | मधुगंगा महादेव मेला व्यवस्थापन, दु.न.पा. २ | १,०५,०००।- | |

**शर्तहरुः**

१. यो ठेक्काको अवधि ठेक्का लागेको समय देखि २०७६ असार मसान्त सम्म हुनेछ ।

२. शिलबन्दी ठेक्काको फाराम **दुधौली नगरकार्यपालिकाको कार्यालय, आर्थिक प्रशासन र सम्बन्धित वडा कार्यालयबाट** कार्यालय समयभित्र रु. १,०००।- (अक्षरुपी एक हजार) तिरी (फिर्ता नहुने) खरीद गर्न सकिनेछ । प्रमाणित गरी कार्यालयको छाप लगाई वितरण गरिएको फर्मलाई मात्र मान्यता दिइनेछ । एकवटा फाराममा एक स्थानको लागि मात्र दरभाउपत्र पेश गर्न सकिने भएकोले एउटै व्यक्ति वा संस्थाले फरक फरक स्थानको लागि दरभाउपत्र पेश गर्न चाहेमा फरक फरक फाराम भरी पेश गर्नुपर्नेछ ।

३. शिलबन्दी दरभाउपत्रका साथ फर्मले आफुले कबोल गरेको अंकको पाँच प्रतिशत रकम धरौटी वापत दुधौली नगरकार्यपालिकाको कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक सिन्धुलीमा रहेको सञ्चित कोष खाता नं १०६०३०४०१८११० मा जम्मा गरेको सक्कल भौचर वा नगरकार्यपालिकाको राजश्व शाखामा नगदै बुझाएको सक्कलै नगदी रसिद दरभाउपत्रसाथ बुझाउनु पर्नेछ । अन्यथा फर्म रित पूर्वक भएको मानिने छैन ।

४. पेश हुन आएका दरभाउपत्र आठौं दिन दिउसो २.०० बजे दरभाउपत्रदाताका प्रतिनिधीको रोहबरमा दुधौली नगरकार्यपालिकाको कार्यालयमा खोलिने छ । दरभाउपत्रदाताका प्रतिनिधीहरु अनुपस्थित रहेमा पनि दरभाउपत्र खोलिनेछ ।

५. सबै भन्दा बढी अंक कबोल गर्नेको दरभाउपत्र स्वीकृत गरिनेछ । स्वीकृत दरभाउपत्रमा कबोल अंकको रकम जम्मा तीन किस्तामा भुक्तानी गर्नुपर्नेछ र पहिलो किस्ताको रकम सम्झौता गर्दाको समयमा नै दाखिला गर्नुपर्नेछ । दोस्रो र तेस्रो किस्ताको रकम चौमासिक रुपमा अग्रीम बुझाउनु पर्नेछ । ठेक्का सम्झौता नभए सम्म कसैको पनि धरौटी फिर्ता गरिने छैन ।

६. ठेक्का कवोल गर्ने व्यक्ति वा फर्मले शिलबन्दी दरभाउपत्र स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र ठेक्का कबुलियत गर्न नआएमा निजको धरौटी जफत गरी कमशः अर्को व्यक्ति वा फर्मसँग सम्झौता गरिने छ ।

७. दरभाउपत्र खरीद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा उक्तकार्यहरु क्रमश लगत्तै कार्यालय खुलेको दिन हुनेछ ।

८. कुनै कारण देखाई वा नदेखाई दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार नगरकार्यपालिकाको कार्यालयमा निहित रहनेछ ।

९. ठेकेदारले सम्झौताको समयमा ठेक अनुसारको रकम एकमुष्ट बुझाएमा दश प्रतिशत छुट दिईनेछ ।

१०. यस सूचनामा उल्लेख नभएको कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

...............
दिपेन्द्र पौडेल
(प्रमुख प्रशासकीय अधिकृत)